नेपाल सरकार

# शिक्षक सेवा आयोग

**सानोठिमी भक्तपुर**

पत्र संख्या : २०७६-०७७ मिति : २०७६।९।१७

चलानी नं : ८८९

विषय : शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई, सबै ७७ वटै ।

श्री शिक्षा इकाई, स्थानीय तह, सबै ७५२ वटै ।

प्रस्तुत विषयमा विभिन्न शिक्षा विकास तथा समन्वय इकाई, नगरपालिका तथा गाउँपालिकाहरुबाट शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फाराममा खण्ड क) शैक्षिक उपलब्धिवापत शिक्षकले प्राप्त गरेको अङ्क खण्ड ख) शिक्षणकार्यसंग सम्बन्धित अनुसन्धान र खण्ड ग) विशेष जिम्मेवारीको विवरणमा सिफारिस गर्ने र प्रमाणित गर्ने कार्य सम्पन्न गर्ने कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन नभएको, कतिपय स्थानीय तहहरुमा शिक्षा हेर्ने अधिकृत पदपूर्ती नभएको तथा शिक्षा विकास तथा समन्वय इकाईहरुमा एक मात्र शिक्षा अधिकृत कार्यरत रहेको जस्ता कारणबाट सिफारिस गर्ने र प्रमाणित गर्ने पदाधिकारीका साथै सुपरिवेक्षण गर्ने र पुनरावलोकन समितिमा रही कार्य गर्ने पदाधिकारी नभएबाट शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने कार्यमा बाधा उत्पन्न भएको भनी सो सम्बन्धमा स्पष्ट नभएकोले स्पष्ट गरिदिनुहुन भनी माग भइ आएको र शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ नियम ३२को उपनियम ६(क) मा व्यवस्था भए बमोजिम २०७६ चैत्र १२ गतेसम्ममा कार्य सम्पादन मूल्याङ्कन बापत पाउने अङ्कको आधारमा मूल्याङ्कन गरी सक्नुपर्ने अवस्था रहेको, उक्त कार्य समयमा सम्पन्न गर्न नसकिएमा शिक्षकहरुको बढुवा प्रक्रिया अवरुद्ध हुने र तत्काल उल्लेखित पदाधिकारीहरु पदपूर्ति वा उपलब्ध हुन नसक्ने समेत अवस्था रहेकोमा शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ बमोजिम शैक्षिक सत्र २०७४ र २०७५ को शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न बाँकी रहेको भए सो कार्य सम्पन्न गर्नका लागि शिक्षक सेवा आयोगको मिति २०७६।९।१६ को निर्णय अनुसार तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

गोविन्दप्रसाद अर्याल
उपसचिव

तपसिल

१। कार्यसम्पादन मूल्याङ्कन फाराममा सिफारिस गर्ने र प्रमाणित गर्ने व्यवस्थाका लागि

| पद | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका शिक्षा सेवाका अधिकृत |

| | | |
|---|---|---|
| प्रधानाध्यापक, प्रधानाध्यापकसँग समान श्रेणीको शिक्षक र प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको शिक्षक | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका शिक्षा सेवाका अधिकृत | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख |

* उल्लेखीत पदाधिकारीहरु एकमात्र भइ सिफारिस वा प्रमाणित गर्ने कार्य मध्ये कुनै हुन नसकेमा कारणसहितको कैफियत उल्लेख गरी पठाउनै ।

२) सुपरिवेक्षक र पुनरावलोकन समितिमा रही मूल्याङ्कन गर्नेका लागि

| पद | सुपरिवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | • प्रधानाध्यापक<br>• सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका शिक्षा सेवाका अधिकृत<br>• सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख |
| प्रधानाध्यापक, प्रधानाध्यापकसँग समान श्रेणीको शिक्षक र प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको शिक्षक | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका शिक्षा सेवाका अधिकृत/ प्रमुख | • विद्यालय व्यवस्थापन समितिको अध्यक्ष<br>• सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख/सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका शिक्षा सेवाका अधिकृत<br>• सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख |

** कतिपय जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइमा एकजना मात्र शिक्षा सेवाको अधिकृत कार्यरत रहेको, एक मात्र शिक्षा सेवाको अधिकृतको पद रहेको र जिल्लाका नगरपालिका तथा गाउँपालिकाहरुमा शिक्षा सेवाको अधिकृत कार्यरत नरहेको अवस्था रहेमा सम्बन्धित प्रधानाध्यापक, विव्यस अध्यक्ष र शिक्षा विकास तथा समन्वय एकाइका अधिकृत/प्रमुखले सिफारिस, प्रमाणित र पुनरावलोकन समितिमा समेत र जनाबाट नै मूल्याङ्कन गर्नेगरी आवश्यक व्यवस्था मिलाउनै ।

बोधार्थ तथा अवगतार्थ :

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाण्डौं ।

श्री शिक्षा विकास निर्देशनालय, सबै ७ वटै ।